# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, जेठ ९ गते २०६१ साल (अतिरिक्ताङ्क ६

## भाग ३

### श्री ५ को सरकार
### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष क्षेत्रको वरिपरि देहायको चार किल्ला भित्रको क्षेत्रलाई शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र तोकेको छ ।

पूर्वः देखतभुली गा.वि.स.वडा नं. १ चानदेवी वस्तीलाई भित्रपारी आबादी देखि ५०० मिटर दक्षिण जंगलबाट मुक्त कमैया बस्ती र शोभाताललाई भित्रपारी पूर्वतर्फ पुरानो स्याली नदी सम्म । त्यहाँवाट शंकरपुर गा.वि.स.वडा नं ७ र ८ लाई भित्रपारी देखतभुली गा.वि.स.वडा नं २ छोटी पर्सियाको पूर्वी सिमाना हुँदै उत्तर तर्फ वडा नं ३ को सिकलपट्टी जाईको पूर्वी सिमाना भएर उत्तरतर्फ नदी तटीय वनलाई भित्रपारी वनहरा नदीसम्म । त्यहाँवाट वडा नं ६ दुवाहालाई भित्रपारी कालागौडीको खुल्ला र डाँडा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छुट्याउने वेलौरी–कलुवापुर सडक जाने बाटोसम्म । त्यहाँबाट उत्तर तर्फ वेलौरी–कलुवापुर सडक हुँदै वन्साहा चोकसम्म । वन्साहा चोकवाट ग्राभेल सडकै सडक उत्तरतर्फ १ कि.मि.अगाडिसम्म, त्यहाँबाट सोझै जंगलै जंगल लोहारपुर गाउँको सिरसम्म । त्यहाँवाट पिपलाडी गा.वि.स.वडा नं ४ लोहारपुरलाई भित्रपारी सुनवरा नदीसम्म । त्यहाँबाट उत्तरतर्फ सुनवर नदी हुँदै पूर्व पश्चिम राजमार्ग भन्दा उत्तर टोटी र जवदा खोलाको दोभानसम्म । सो दोभानबाट जवदा खोलैखोला कालापानी नहरको शाखा नहरसँग जोडिएको जैराम खोला हुँदै सिधै उत्तर झलारी गा.वि.स.वडा नं २ र ४ को सिमानावाट वडा नं २ लाई भित्रपारी उत्तर चुरे पहाडसंग जोडिएको जंगल छेउको शिव मन्दिर भएर सोझै उत्तर तर्फ चुरे पहाडको दक्षिण पानी ढलोसम्म ।

पश्चिमः दोधारा र चाँदनी पुरै गा.वि.स.लाई भित्र पर्ने गरी नेपाल भारत अन्तरराष्ट्रिय सिमानाको ८ नम्वर पिलरको वयलवण्ड देखि २१ नम्वर पिलर कुतियाकवरसम्म ।

उत्तरः महाकाली नदीको पूर्वी किनारा महेन्द्रनगर नगरपालिका वडा नं १२ र १३ को सिमाना ओदालीबाट वडा नं १३ लाई भित्रपारी वडा नं १३ र १६ को सिमाना वसन्तपुरसम्म । त्यहाँबाट वडा नं १६ को वसन्तपुर टोलको उत्तर–दक्षिण वग्ने नहर छेउमा पर्ने वडा नं १३ र १४ जाने नहरको दोभान हुँदै, त्यहाँबाट दक्षिण वडा नं १६ को शान्तिटोल र अमरटोलको ग्राभेल सडक जोडने कलभर्ट त्यहाँबाट उत्तरतर्फ ग्राभेल सडक हुँदै ऐरी जाने ग्राभेल सडक जोड्ने चोकसम्म, त्यहाँबाट पूर्व गन्धानालासम्म र गन्धानालाबाट उत्तर तर्फ महाकाली सिंचाईको मूल नहरसम्म । मूल नहर हुँदै साइफन (गोवरीया नाला), त्यहाँबाट गोवरिया नाला हुँदै महेन्द्रनगर मझगाउँबाट विमानस्थल जाने बाटोमा पर्ने पुलसम्म, त्यहाँबाट पूर्वतर्फ महेन्द्रनगर जाने बाटो हुँदै महाकाली सिंचाईको गोवरीया वागफाँटा जाने शाखा नहरमा पर्ने कल्भर्ट सम्म । त्यहाँबाट नहरै नहर हुँदै सिद्धनाथ विज्ञान क्याम्पसलाई वाहिर पारी नगर विकास समिति र आवादीको सिमाना हुँदै उत्तर–दक्षिण बग्ने खोलासम्म । त्यहावाट खोलैखोला हुँदै वागफाँटा खयरभट्टीसंग जोडिएको पुल आउनु भन्दा १०० मिटर अगाडिबाट सोझै सरस्वती मा.वि.खोल्टी हुँदै वागफाँटा शाखा नहरको खयर भट्टी–वागफाँटा जाने वाटोमा पर्ने कलभर्ट सम्म ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यहाँबाट वडा नं १९ र २ लाई जोडने ग्राभेल सडक हुँदै वडा नं १९ लाई भित्रपारी लालपुर–वागफाँटा खण्डको कृषि पाइलट फर्मको नहरसँग जोडिएको सुडा गा.वि.स.को सुन्दरपुरलाई जोड्ने पुलसम्म । त्यहाँबाट वडा नं ४ र ५ को सिमानाको खोला हुँदै उत्तरमा पूर्वी सिसैया शाखा नहर र हरपालबाट महेन्द्र राजमार्गको चोकनेरको पिपल चौतारा सम्म । त्यहाँबाट उत्तरतिर सिसैया शाखाको नहर हुँदै सो कुलैकुला पूर्वतर्फ महाकाली सिंचाईको वेलडाँडी जाने नहर सम्म । त्यहाँबाट सो नहरै नहर पूर्वतर्फ राना दैजीको नहर चौराहासम्म । सो चौराहावाट कच्ची सडकै सडक उत्तरतर्फ पूर्व पश्चिम राजमार्ग जोड्ने चोक सम्म । त्यहाँबाट पूर्वतर्फ राजमार्गै राजमार्ग पथरिया खोलाको पुलसम्म । सो पुलवाट उत्तरतर्फ पथरिया खोलैखोला दैजी गा.वि.स.वडा नं ७ र ८ लाई भित्रपारी चुरे पहाडको दक्षिणी पानी ढलोसम्म ।

दक्षिण: नेपाल भारत अन्तरराष्ट्रिय सिमानाको पिलर नम्वर २८ देखि ३२ हुँदै महाकाली सिंचाई आयोजना नहरको पानी फेकुवा (Over Flow Door) सम्म, त्यहाँबाट सिमल डाँडाको ग्राभेल सडकसम्म जाने टर्सरी हुँदै भोगला नदीसम्मको ग्राभेल सडक भएर कल्भर्टसम्म । सो कल्भर्टबाट वेलडाँडी गा.वि.स.वडा नं ५ र ६ लाई भित्रपारी वेलडाँडी गा.वि.स.जोड्ने वाटोको खोलासम्म । त्यहाँबाट दक्षिणतर्फ रामपुर विलासपुर गा.वि.स.वडा नं ९ कुण्डाको खल्लादेखि माथिको क्षेत्रलाई भित्रपारी पथरिया नालासम्म । पथरिया नालाबाट पूर्वतर्फ खल्ला देखि माथिल्लो भागबाट सोझै कुण्डा स्कुललाई भित्रपारी वृक्षारोपण क्षेत्रको तारवार हुँदै वेलौरी सडकको कलभर्टसम्म । त्यहाँबाट ५०० मिटर उत्तरतर्फ जंगलै जंगल हुँदै पथरिया खोलाबाट चानदेव निस्कने गोरेटो बाटोमा पुगी बाटै बाटो चानदेवसम्म । त्यहाँबाट ५०० मिटर दक्षिण तर्फ सोझै पूर्वी सिमाना शुरु भएको विन्दुसम्म ।

आज्ञाले,
मधु प्रसाद रेग्मी
उप-सचिव, (कानून)



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9186

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।